जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३

जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

# साझेदारी

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

ई-पेपर हेर्नका लागि

वर्ष : ११ | अंक : २०४ | २०८२ साल माघ २७ गते मंगलवार | Tuesday 10, Feb. 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## कोल्हवी-अरेम्बा-खगदे र सपही-बन्ठाकट्टी सडक खण्ड कालोपत्र हुंदै




सडक निर्माण आयोजना वोर्डसंगै नगरप्रमुख चौधरी सहित। फोटो साझेदारी

बिनिता चौधरी
कोल्हवी, २६ माघ

बाराको कोल्हवी नगरपालिका अन्तर्गत दुई महत्वपूर्ण सडक खण्ड कालोपत्र हुने भएका छन्। कोल्हवी नगरपालिका वडा नम्बर ९ अन्तर्गत अरेम्बा-खगदे पडरी सडक खण्ड र वडा नम्बर ४ अन्तर्गत सपही-बन्ठाकट्टी चौक सडक खण्ड कालोपत्र निर्माणका लागि सोमबार आयोजना बोर्ड राखी कार्यक्रमको औपचारिक सुरुवात गरिएको हो।

उक्त दुवै सडक खण्डको कालोपत्र निर्माणको ठेक्का श्री विकास राजा पहल जे.भी., वीरगञ्ज-१४, पर्सा ले सकार गरेको छ। अरेम्बा-खगदे पडरी सडक खण्ड कालोपत्र निर्माणका लागि भ्याट तथा पी.एस.सहित १ करोड ८४ लाख ९७ हजार ३०४ रुपैयाँ २८ पैसा लागतमा ठेक्का सम्झौता भएको छ। यस आयोजनाको निर्माण अवधि २०८३ असार १० गतेसम्म तोकिएको छ।

त्यस्तै, कोल्हवी नगरपालिका वडा नम्बर ४ अन्तर्गत सपही-बन्ठाकट्टी चौक सडक खण्ड कालोपत्र निर्माणका लागि भ्याट तथा पी.एस.सहित १ करोड ६८ लाख १० हजार ३४० रुपैयाँ ०१ पैसा लागतमा ठेक्का सम्झौता गरिएको छ। यस सडकको निर्माण अवधि पनि २०८३ असार १० गतेसम्म निर्धारण गरिएको छ।

कार्यक्रममा कोल्हवी नगरपालिकाका नगर प्रमुख रामप्रसाद चौधरी, उपप्रमुख लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत रमेश श्रेष्ठ, वडा नम्बर ९ का अध्यक्ष दलबहादुर चौधरी, वडा नम्बर ३ का अध्यक्ष किशुनदयाल चौधरी, वडा नम्बर ४ का अध्यक्ष विष्णु प्रसाद मैनाली, नगरपालिकाका इन्जिनियर

**बाँकी तेस्रो पृष्ठमा**

## छापा मार्दा वीरगञ्जमा तीन सशस्त्र प्रहरी भए घाइते, दुईवटा गाडीमा पुग्यो क्षति

साझेदारी संवाददाता
वीरगञ्ज, २६ माघ

भन्सार छलिको सामान छ। टोलिले आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा राखिएको कपडा बरामद गर्ने क्रममा झडप



सशस्त्रमाथि आक्रण गर्दै व्यापारी समूह। फोटोः साझेदारी

रहेको सूचनाको आधारमा वीरगञ्जमा आइतबार छापा मारिएको छ।

वीरगञ्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले वीरगञ्जस्थित अवैध गोदाममा छापा मारेको हो। सोही क्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट तीन जना सशस्त्र प्रहरी घाइते भएका छन्।सशस्त्र प्रहरीका दुईवटा सवारी साधनमा क्षति पुगेको भएको सशस्त्र प्रहरी बल नेपालका सहायक प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिएको हो।

गोदाममा अवैध रुपमा भण्डार गरी राखेको सात लाख मूल्य बढीको कपडा बरामद भएको छ। भन्सार कार्यालय र सशस्त्र प्रहरीको

**बाँकी तेस्रो पृष्ठमा**

## प्रदेश ट्राफिक प्रहरी कार्यालयका एसपी बस्नेतले गरे जिल्ला ट्राफिक प्रहरी कार्यालय सप्तरीको निरीक्षण



मातहतका ट्राफिक प्रहरीहरुलाई निर्देशन गर्दै उपरिक्षक बस्नेत।

साझेदारी संवाददाता
पथलैया, २६ माघ

जिल्ला ट्राफिक प्रहरी कार्यालय सम्भुनाथ सप्तरीमा प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुखले सोमबार निरीक्षण गर्नुभएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रमुख, प्रहरी उपरीक्षक ज्ञानेन्द्र बहादुर बस्नेतले सोमबार जिल्ला ट्राफिक प्रहरी कार्यालय सप्तरीको निरीक्षण गर्नुभएको छ।

सो अवसरमा प्रहरी उपरीक्षक बस्नेतले कार्यालयमा कार्यरत ट्राफिक प्रहरी कर्मचारीहरूको व्यक्तिगत टर्नआउट, कार्यालय भवन, मेश, ब्यारेक लगायतका संरचनाको अवस्था अवलोकन गर्नुभएको हो।

निरीक्षणका क्रममा उपरिक्षक बस्नेतले सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना

**बाँकी तेस्रो पृष्ठमा**

## जसपा नेपालको सम्पर्क कार्यालय बरियारपुरमा

साझेदारी संवाददाता
कलैया, २६ माघ

बारा क्षेत्र नम्बर २ मा जनता समाजवादी पार्टी (जसपा) नेपालले सोमबार सम्पर्क कार्यालय स्थापना गरेको छ। आफ्नो चुनावी अभियानलाई व्यवस्थित बनाउन उसले महागढीमाई नगरपालिका वडा नम्बर २ बरियारपुरमा जसपा नेपालको निर्वाचन सम्पर्क कार्यालय स्थापना गरेको हो।

सम्पर्क कार्यालयको प्रतिनिधिसभा सदस्यका उम्मेदवार रामकिशोर प्रसाद यादवले गरेकाहुन्। उनले क्षेत्रको विकास र पहिचानको मुद्दालाई सम्बोधन गर्न आफ्नो उम्मेदवारी रहेको बताएका छन्। उनले मधेस र मधेसी जनताको हकहितका लागि जसपा नेपालले खेल्दै आएको भूमिकालाई कदर गर्दै मतदाताले यसपटक आफूलाई विजयी




सम्पर्क कार्यालय उद्घाटन कार्यक्रममा उपस्थित महानुभावहरु।

गराउने विश्वास समेत उक्त अवसरमा व्यक्त गरेकाछन्। उनले एकजुट भएर निर्वाचनमा होमिन कार्यकर्ताहरूलाई आहवान गरेका छन्।

समारोहमा मधेस प्रदेशसभा सदस्य बच्चा राय यादव, पचरौता नगरपालिकाका पूर्व मेयर रमेश यादव, नेता शिवमंगल यादव लगायत स्थानीय नेता, कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

‘औद्योगिक सहर जीतपुरसिमरा,समृद्ध नेपालको आधार’

जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय, जीतपुर बाराद्धारा जनहितमा जारी सन्देश

‘सुशासन, सेवा र समृद्धिको बाटोमा कलैया’

कलैया उपमहानगरपालिकाको कार्यालय, कलैया बाराद्धारा जनहितमा जारी सन्देश

एक–आपसमा भेदभाव नगरौं,धार्मिक,साँस्कृतिक,सहिष्णुता कायम राखौं।

विश्रामपुर गाउँपालिकाको कार्यालय,विश्रामपुर बाराद्धारा जनहितमा जारी सन्देश

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक / सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०

समाचार सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०

उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५

उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४

लेआउट डिजाइनर : जुनेद हवारी - ९८०७२४८०११

कानुनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा

मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज

प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा

सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail.com

facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक

twitter : @sajhedaridaily, YouTube : sajhedari daily

online : www.sajhedaridaily.com

## सम्पादकीय.....

# ठगीलाई रोक्न आवश्यक

ठगीको विभिन्न स्वरुप र आयामहरु रहेको छ। मानिसले अर्काबाट भुठो आश्वासन तथा लोभमा पारी नगद ठगी गरिरहेका हुन्छन्। चोरी र ठगीमा धेरै फरक रहेको हुन्छ। चोरी भइसकेमा मात्र थाहा हुन्छ। व्यक्ति पक्राउ नहुन्जेलसम्म चोर अज्ञात रहेको हुन्छ। ठगीमा ठगी गर्ने व्यक्ति थाहा हुन्छ। अदृश्य ठगीको समेत आयाम छ। यस्मा ठूलो समूह लागेको हुन्छ। ठगीको धन्दा चलिरहेको हुन्छ। ठगीको धन्दा बन्द नहुन्जेलसम्म ठगी जारी रहन्छ। हरेक व्यक्ति कुनै न कुनै समय ठगीको शिकार भएको हुन्छ। ठगीको प्रवृति व्यापक हुन्छ।ठगी गर्ने माध्यम तथा तरिका विभिन्न किसिमको हुन्छ। कसैलाई केही कुराको आश्वासन दिई ठगी गर्न सकिन्छ। कसैलाई डर धाक धम्की देखाई समेत ठगी भइरहेको हुन्छ। ठगीको मूलमा लोभ हुन्छ। मानिसहरु लोभको कारण ठगीको शिकार हुन्छन्। ठगी गर्ने मानिसहरु लोभमा फसाई ठगी गर्ने गर्छन्। ठगी गर्ने मानिसलाई ठगी सफल भएपछि लाभ हुन्छ। यही भएर मानिस ठगीमा प्रवृत हुन्छन्।ठगीको माध्यमबाट ठगले आर्थिक लाभ लिइरहेको हुन्छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभाग (सिआईबी) की असई हुँ भन्दै ठगी गर्दै हिँड्ने एक महिला यसै सन्दर्भमा पक्राउ परेकीछन्। नक्कली पहिचान सहित ति महिलालाई रौतहट प्रहरीले सार्वजनिक गरेको छ।सर्लाहीको कबिलासी नगरपालिका(१० सलेमपुर टोल बस्ने निर्मला महतोलाई रौतहट प्रहरीले पक्राउ गरेको हो। उनलाई चन्द्रपुर नगरपालिका(६ बाट पक्राउ गरिएको हो। उनले विभिन्न नाम र पहिचान प्रयोग गर्दै सर्वसाधारणलाई भुक्याउने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ। महतोलाई विभिन्न नामहरुबाट कहिले नेहा, कहिले निशा त कहिले पुनम कुमारीको नाममा चिन्नेहरू पनि छन्। उनले आफुलाई सिआईबीको प्रहरी सहायक निरीक्षक बताउँदै प्रभाव जमाउने र त्यसकै आडमा आर्थिक लाभ लिने गर्थिन्।उनको गतिविधिबाट पीडित बनेका चन्द्रपुर नगरपालिकाका सन्तोष बहादुर विश्वकर्मा र प्रविण साह, गढीमाई नगरपालिका(गुजरा क्षेत्रका विजय साह बनिया तथा सर्लाहीका राजेस्वर साहले प्रहरीमा उजुरी दिएका थिए। यसपछि महिलाको पोल खुलेको हो।

उनको त्यो कर्तुतको पर्दाफास भएको हो।पक्राउ परेकी महतोमाथि प्रहरीले ठगी, अपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसूरमा अनुसन्धान प्रहरीले अघि बढाएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानमै उनले लामो समयदेखि विभिन्न स्थानमा यही शैलीमा ठगी गर्दै आएको संकेत प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। महतो एक पात्र हुन्। यसरी लाभ लिनेहरु समय समयमा प्रहरीले पक्राउ गर्ने गरेको छ। मानिसले गरेको गल्तिलाई उजागर गरिदिन्छु भन्दै ठग्नेहरु समेत छन्। कसैले भेद खोलिदिन्छु भनि आर्थिक लाभ लिनेहरु समेत छन्। ठगीको विभिन्न आयाम प्रयोग गरी नयाँ प्रविधिबाट ठग्नेहरु समेत छन्। यसैले राज्यले ठगी सम्बन्धमा कडा कानुनको व्यवस्था गर्नुपर्छ। ठगीलाई नियन्त्रणमा लिनुपर्छ।

# नेपाली रङ्गमञ्चमा बहुरिया पदार्पणको सन्देश

धर्मेन्द्र झा

*काठमाडौँ, २६ माघ*

इतिहास साक्षी छ, काठमाडौँ उपत्यका रङ्गमञ्चीय प्रस्फूटनका लागि मल्लकालदेखि नै उर्वर भूमिका रुपमा स्थापित छ। मल्ल राजाहरु प्रताप मल्ल, जगज्योति मल्ल, सिद्धिनरसिंह मल्ल, जगतप्रताप मल्ल आदिको समयमा मैथिली र नेपालभाषाको रङ्गमञ्चको विकास उत्कर्षमा थियो। मल्लकालको पतनपछि रङ्गमञ्चको विकासको गति केही रोकिन पुगेको अनुभूत गरियो र यो क्रम लामै समयसम्म कायम रह्यो ।

विसं २०४६ को जनआन्दोलनपछिको समय हो, नेपालमा रङ्गमञ्चको यात्राले पुनः गति प्रारम्भ गर्नसक्यो। आरोहण गुरुकूल, सर्वनाम, मिनाप जस्ता संस्था उत्कर्षमा थिए। प्रचण्ड मल्ल, नीर शाह, अशेष मल्ल, सुनील पोखरेल, नवीन सुब्बा, अनुप बराल, विजय विष्फोट, महेन्द्र मलंगिया, योगेन्द्र नेपाली, सरुभक्त, निशा शर्मा, रमेश रञ्जन आदिजस्ता निर्माता, निर्देशक र लेखकहरु नेपाली रङ्गमञ्चको प्रवर्द्धनमा संलग्न रहेको इतिहास साक्षी छ। २०४६ को जनआन्दोलन लगत्तै सर्जकहरुले वातावरण अनुकूल भएको अनुभव गरी सक्रियतामा वृद्धि गरेका थिए। अन्य क्षेत्रजस्तै रङ्गमञ्चमा पनि यो मनोदशाको प्रभाव स्वाभाविक थियो। नेपाल प्रज्ञा प्रतिष्ठान सक्रिय भएको अनुभव गरिएको थियो। प्रतिष्ठानले वर्षेनि नाट्य महोत्सवको आयोजन प्रारम्भ गरेको थियो। देशभरिबाट आफ्नो प्रतिभा र अभिव्यक्ति 'बुलन्द' गर्न अनेकौँ नाट्य संस्था सहकर्मीसहित राजधानी ओइरिन्थे र आफ्नो प्रतिभा प्रस्तुत गर्थे। राजधानीमा औपचारिक र अनौपचारिक विमर्श हुने गर्दथ्यो। नाटक हेर्न दर्शक आकर्षित हुन थालेका थिए।

कालक्रमसँगै यो वातावरण खलबलिएजस्तै भयो। रङ्गमञ्च-सक्रियता केही बाधित भएजस्तो भयो। मैतीदेवी र बत्तीसपुतलीबीचमा अवस्थित गुरुकूलको प्रेक्षालय तहसनहस हुन पुग्यो। महान नाट्य स्रष्टा सुनील पोखरेल बिथोलिनसम्म बिथोलिए। राज्यले आफ्नो सरोकारको विषय नमान्दा रंगमञ्चीय विकास-विस्तार प्रभावित हुन पुग्यो। यसप्रति सायद असहमति व्यक्त गर्न सकिँदैन। नाटक प्रदर्शित हुने क्रम त रोकिएन तर सार्थकताको खोजीले स्पष्ट आकार प्राप्त गर्न सकिरहेको थिएन।

पछिल्ला वर्षमा भने अवस्थामा सुधार आएको मान्न सकिन्छ। बिथोलिएको गुरुकूल अहिलेसम्म ठडिन सकेको छैन तर शिल्पी कोशी थिएटर आशाको केन्द्र बनेर उपस्थित हुन सक्नु सन्तोषको विषय हो। नाटक थिएटरका सिटहरुमा पुनः दर्शकको उपस्थिति देखिन थालेको छ। नाटकप्रतिको आकर्षणमा पुनः वृद्धि भएको अनुभव गरिएको छ। व्यावसायिक रुपमा नाटक प्रदर्शित हुन थालेका छन् र टिकट काउन्टरमा भीड देखिन थालेको छ। नाट्यकर्मीहरु हौसिन थालेका छन् र उनीहरु आफ्नो प्रतिभा प्रमाणित गर्दै 'क्यारियर' स्थापित गर्न तल्लिन देखिएका छन्।

पछिल्लो समय काठमाडौँको थापागाउँस्थित मण्डला थिएटरमा यस्तै सन्तोष गर्न सकिने अवस्था अनुभूत गरियो। काठमाडौमा यो थिएटरले निकै लामो समयदेखि सङ्घर्ष गर्दै नाटक अर्थात रङ्गमञ्च जोगाउने प्रयास गर्दै आएको छ। यही नाटक जोगाउने सन्दर्भमा पछिल्लो समयमा जोडिएको छ बहुरिया। यही माघ ८ गतेदेखि प्रदर्शन प्रारम्भ भएको बहुरिया माघ २९ सम्म प्रदर्शित हुनेछ। दर्शकमार्फत समग्र समाजसामु प्रश्न ठड्याइरहेको बहुरिया समान्यजस्तो कथावस्तु लाग्ने विशिष्ट प्रस्तुतिका रुपमा प्रस्तुत भएको छ भन्दा अस्वाभाविक हुँदैन।

जम्मा दुईजना पात्रमा सीमित बहुरियाले करिब एक घण्टाको प्रदर्शनको समयमा उठान गरेका प्रश्नले नेपाली समाजको वर्तमानको मथिगड्ल खल्बल्याउने प्रयास गरेको छ भन्दा अन्यथा ठहर्दैन। एउटा अँध्यारो बन्द कोठाभित्र प्रारम्भ भएर त्यही कोठाभित्रको लगातारको झिङ्गाको भुनभुन, लालटेनको मधुरो उज्यालो, सिलाई मेसिन, सानो चौकी (खाट), दराज, खानाको थाल अनि अत्यासलाग्दो उकुसमुकुस, सकसपूर्ण वातावरण, अनिश्चितता, मानसिक र शारिरीक द्वन्द्व, अनेकन डोरीहरुले निर्माण गरेको मनोवैज्ञानिक कारागार, कठपुतलीको ब्यङ्ग्यसँगै अन्त्य भएको छ बहुरिया। बहुरिया अर्थात कसैकी छोरी, कसैकी श्रीमती, कसैकी बुहारी। तर, बहुरियाकी कहुरियाले मातृसुख भने भोग्न पाएकी छैनन्। विवाहको चार वर्ष भइसक्दा पनि पतिले उनको शरीर छुन चाहेको छैन। किन ? यही प्रश्नको उत्तरको खोजीले नाटकलाई डोऱ्याउने प्रयत्न गरेको छ। बहुरिया स्वयंमा प्रयोग त हो नै सँगसँगै आँट, सङ्घर्ष, विद्यमान सामाजिक संरचनामाथिको प्रहार, विद्रोह र आवश्यक-अनिवार्य वहस पनि हो। अनेकन प्रश्नको उत्तर खोज्ने प्रयत्न पनि हो बहुरिया।

बहुरियाको लेखक-निर्देशक हुनुहुन्छ सुरज यादव। नाटकको शीर्ष भूमिकामा स्वयं सुरज र प्रशंसा सिवाकोटी हुनुहुन्छ। यही दुई पात्रले नाटकलाई प्रारम्भ गर्दै अन्त्यसम्मको यात्रा गरेका छन्। नाटकको निर्देशकका रुपमा सुरजको भूमिका जति महत्वपूर्ण छ त्यति नै महत्वपूर्ण छ रचनात्मक निर्देशकको भूमिका निर्वाह गर्ने सरिता गिरीको। सुरज लेखक पनि भएकाले उहाँको निर्देशकीय भूमिका लेखकको मनोभावबाट धेरै हदसम्म प्रभावित भएको हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। तर गिरीको प्रयासले नाटकमा प्रभाव उत्पन्न गर्न महत्वपूर्ण योगदान निर्वाह गरेको कुराको साक्षी, मञ्चभरि विभिन्न अवस्थामा विद्यमान कठपुतलीहरु हुन्। अनि, अनेकौं विषयको प्रतीक बनेर प्रस्तुत भएको छ धुवाँ। नाटकमा अनेकौं यस्तो अवस्था आउँछ जसको सम्बोधन धुवाँमार्फत गर्ने प्रयत्न गरिएको छ। धुवाँ कहिले अनिश्चय, भ्रम त कहिले व्यङ्ग्य अनि कहिले श्वरहीन अभिव्यक्तिका रुपमा प्रस्तुत भएको छ। निश्चय गिरीको प्रयास महत्वपूर्ण छ।

अभिभावक सामु समयमा आफ्ना कुरा व्यक्त गर्न नसकेर आज्ञाकारी सन्तानको कथित मर्यादा कायम गर्ने सन्दर्भमा एकजना युवक (रामचरण)ले एक युवती (सीता)सँग विवाह गर्छ। विवाहका लागि मानसिक रुपमा तयार नरहेको युवक विवाह हुनेबित्तिकै भाग्छ र चार वर्षपछि सम्पर्कमा आउँछ। युवती भने पतिको प्रतीक्षा गरिरहेकी हुन्छिन्। युवक फेरि भाग्नसक्ने डरले घरपरिवारका मानिसले उसलाई बाँधेर कोठाभित्र राख्छन्। त्यही कोठाभित्र उक्त युवक र युवतीबीच मानसिक र मनोवैज्ञानिक द्वन्द्व हुन्छ। उनीहरुबीचको सबै संवाद यसैसँग सम्बन्धित छन्। कतिपय ठाउँमा सामान्य लाग्ने संवाद कतिपय ठाउँमा बोझिला प्रतीत हुन्छन्। रामायणका पात्र राम र सीतालाई प्रतीक मानी यस नाटकका दुई पात्र यसै नाममा प्रस्तुत् छन् र ती पात्रबीचका केही संवादमार्फत रामायणकै सन्देशबारे पनि प्रश्न उठान गर्ने प्रयत्न गरिएको छ। अन्त्यमा युवकले आफूले विवाह बन्धनबाट मुक्ति चाहेको याचना गर्दछ र निकै मार्मिक मनोदशाको अभिव्यक्तिपछि युवतीले युवकलाई बन्द कोठाबाट मुक्ति गरिदिन्छिन्। रामायणमा राम घरमा बसेर सीता बाहिरिएको सन्दर्भ विपरीत यस नाटकमा सीता घरमा बसेर राम पात्र बाहिरिन्छ र नाटक समाप्त हुन्छ। मुलतः नाटकको कथा यति नै भए पनि यसलाई नाटकीय ढङ्गले प्रस्तुत गरिएको छ।

मिथिला-मधेशको मूल कथावस्तुलाई नेपाली भाषाका माध्यमबाट मैथिली र नेपाली भाषा, संस्कृति, धरातलीय यथार्थलाई 'फ्युजन' गरी प्रस्तुत गरिएको नाटक मूलतः नारी मनोविज्ञानको सेरोफेरोमा केन्द्रित छ। पृष्ठभूमि मिथिलाञ्चलको छ। मिथिला संस्कृति झल्किने गीत-सङ्गीत र प्रचलन प्रदर्शित छन्। नाटकको भाषा नेपाली छ तर थोरै मैथिली भाषा र भाव मिसिएको छ। नाट्क हो, केही नाटकीयतालाई स्वाभाविक नै मान्नुपर्छ तर नाटकले नारीको मनोभाव, आवश्यकता, इच्छा-आकांक्षा, समर्पण, त्याग, विद्रोहलाई सशक्त अभिव्यक्तिको स्वर प्रदान गर्ने प्रयास गरेको छ। मनोदशाको सुक्ष्म विश्लेषणमार्फत नारी अभिव्यक्तिको प्रयास यस नाटकमा जति महत्वपूर्ण छ त्यति नै आफ्नाबारेमा निर्णय गर्न पाउने पुरुष अधिकारको सन्दर्भ पनि महत्वपूर्ण छ।

मिहीन ढङ्गले नाटकको कथावस्तुको विश्लेषण गर्ने हो भने परम्परादेखि चल्दै आएको पारिवारिक दबाबको शिकार युवक र युवती दुबै भएको पाउन सकिन्छ। यस दृष्टिले भन्ने हो भने पृष्टभूमि मिथिला र मधेश भए पनि नाटकको कथा समग्र नेपाली समाजसँग सम्बन्धित छ। निश्चय पनि हाम्रो समाज पुरुषप्रधान छ। हाम्रा धेरैजसो निर्णय यसै मनोदशाबाट हुन्छन्। तर पितृसत्तात्मक संरचनाको असर महिलामाथि मात्र पर्छ ? यस नाटकले प्रश्न गरेको छ। सँगै, के पुरुषका इच्छाको मात्र महत्व हुन्छ ? महिलाको इच्छाको कुनै महत्व हुँदैन भन्ने प्रश्नको उत्तर खोज्न पनि नाटकले प्रेरित गरेको छ।

स्वयं लेखक-निर्देशक सुरजका अनुसार नाटकमार्फत विवाह गरेर अर्को घरमा जाने एउटी केटीले आफ्नो आशाअनुसारको श्रीमान वा परिवार नपाउँदा भोग्नुपर्ने मानसिक पीडा, सामाजिक दबाब र असहजतालाई देखाउन खोजिएको छ। त्यस्तै केटा र केटी दुवैले आफ्नो इच्छा विपरीत विवाह गर्दा र स्वतन्त्रता नपाउँदा जीवनमा पर्ने मनोवैज्ञानिक असर, भावनात्मक चोट र सङ्घर्षलाई नाटकको विषयवस्तु बनाउन खोजिएको छ।

नाटकमा उत्सुकता छ। रोमाञ्च छ। थ्रिलर छ। स्रष्टा विजय बरालका अनुसार कथाका रहस्यहरु खोतलिँदै जाँदा पैदा हुने कौतुहलताले दर्शकलाई निरन्तर सक्रिय बनाइरहन्छ। नाटकको रचनात्मक निर्देशक रहनुभएकी सरिता गिरीको भनाइ अत्यन्तै महत्वपूर्ण छ-आध्याँरो घरभित्र भित्तामा टाँसिएको कठपुतली, चुल्हो निभेको धुवाँ जस्तै हाम्रा सम्बन्ध निस्सासिएको छ आज। यो सम्बन्ध न प्रेम मात्रै हो, न द्वन्द्व, सम्बन्धका रडहरु यी भित्तामा भुण्ड्याइएका कठपुतलीजस्ता।

नाटकको सार गिरीले भनेजस्तै त हो तर फेरि पनि प्रश्न उठ्छ-कठपुतलीको सञ्चालक को हो ? नाटकका पात्रलाई झैं कठपुतली कसले नचाइरहेको छ ? नाटकको एक दृश्यमा बहुरिया (सीता) पात्रले दुई वटा पुतली (सायद पुरुष र महिलाका प्रतीक) लाई खेलाउँदै प्रवाहित गर्न खोजेको व्यङ्ग्यात्मक सन्देश निकै महत्वपूर्ण छ।

सङ्क्षेपमा भन्नुपर्दा, सन्देश प्रवाहमा नाटक पूर्ण सफल छ। सुरज र प्रशंसाको अभिनय सशक्त छ। निर्देशन ठीकठाक छ। कतिपय दृश्यमा कलाकार अति नाटकीयताबाट प्रभावित भएका हुन् कि भन्ने भान हुन्छ। कतिपय ठाउँमा हाँसो र रोदनका दृश्य असान्दर्भिक छन कि भन्ने प्रश्न उठ्छन्। नाटक हो, प्रत्येक प्रदर्शनमा निर्देशकीय सुधार र परिवर्तनको सम्भावना त रहन्छ नै। भविष्यका प्रदर्शनहरु थप परिष्कृत हुने आश गर्नु अस्वभाविक हुँदैन। रासस

'जनताको सहभागिता, विकासको सुनिश्चितता'

करैयामाई गाउँपालिकाको कार्यालय, करैया बाराद्वारा जनहितमा जारी सन्देश

'कृषि, शिक्षा र स्वास्थ्य-विकासको आधार'

आदर्शकोतवाल गाउँपालिकाको कार्यालय, महेन्द्र आदर्श बाराद्वारा जनहितमा जारी सन्देश

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन,सम्पत्ति हो ।

सुवर्ण गाउँपालिकाको कार्यालय,कवहीगोठ बाराद्वारा जनहितमा जारी सन्देश

# कांग्रेस उम्मेदवार भैयाराम यादवद्वारा मतदाता भेटघाट तथा घरदैलो सुरु

*साझेदारी संवाददाता*
*कलैया, २६ माघ*

बारा निर्वाचन क्षेत्र नम्बर(२ बाट नेपाली कांग्रेसका उम्मेदवार टोलमा मतदातासँग भेटघाट गरेकाहुन्।

भेटघाटका क्रममा उम्मेदवार यादवले कांग्रेसको चुनाव मतदातालाई जानकारी गराउदै ठोस विकास गर्ने जनाएका छन्। भेटघाट कार्यक्रममा नेपाली कांग्रेस बारा जिल्ला सचिव राजेश रौनियार, सह(सचिव



*आशिर्वाद लिदै उम्मेदवार यादव ।* *फोटोः साझेदारी*

भैयाराम यादवले मतदाता भेटघाट तथा घरदैलो सुरु गरेका छन्।

उनले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई दृष्टिगत गर्दै पचरौता नगरपालिका वडा नम्बर-४ का बेलदारी, गुलरिया र इनर्वा टोल र वडा नम्बर(५ को चिकनी बेलदारी चिन्हमा मतदान गर्न मतदातासँग अपिल गरेका छन्। गाउँगाउँमा पुग्दा मतदाताहरू कांग्रेसप्रति उत्साहित देखिएको उम्मेदवार यादवले बताए। मतदाताले व्यापक प्रचार(प्रसार गरिरहेको उनले बताए। उम्मेदवार यादवले आफ्नो राजनीतिक एजेन्डा तथा क्षेत्रको विकासका योजनाबारे प्रमोद यादवको विशेष सहभागिता रहेको हो। यस्तै मणिभूषण यादव, सुनिल यादव, रामप्रसाद यादव, ललन चौरसिया, हरिनाथ यादव, धर्मेन्द्र साह, सुमित श्रीवास्तव, विराज पटेल, अनिल यादव लगायत नेता(कार्यकर्ता तथा युवाहरूको भेटघाट कार्यक्रममा सहभागिता रहेको थियो।

## छापा...

टोलीमाथि स्थानीय व्यापारीले ढुङ्गामुडा हानेर अवरोध गर्न खोजेका थिए। सशस्त्र प्रहरीका सहायक निरीक्षकको एउटा मोबाइल स्थानीय व्यापारीले खोसेर लगेका छन्।

आक्रमण गर्नेहरुको खोजी कार्य तीव्र पारिएको छ। पछिल्लो समय पर्सामा राजस्व चुहावट तथा भन्सार छली भएको आशङ्कामा भन्सार तथा सशस्त्र प्रहरीले छापा मार्दा प्रहरीमाथि आक्रमण हुने गरेकोछ। गोदामका सञ्चालक मदनप्रसाद गुप्ताले अबैध रुपमा वीरगञ्जबाट पोखरा पठाउन लागेको रु ७१ लाख बराबरको हार्डवेयरको सामान बोकेको ट्रक सशस्त्र प्रहरीले आइतबार माघ २५ गते नियन्त्रणमा लिएको थिया ।

ना ३ ख ५०५२ नम्बरको ट्रकमा भिसिटिएस बिल बिनाको सामान सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म वीरगञ्जले नियन्त्रणमा लिएको हो। वीरगञ्ज महानगरपालिका(१४ स्थित पिपराचोकबाट नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीको लागि रातिनै राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो। प्रहरीले रु १२ लाख ७२ हजार मूल्य बराबरको कुर्ता सुरुवाल बरामद गरी आबश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको प्रहरी नायब उपरीक्षक एवम् सहप्रवक्ता शैलेन्द्र थापाले साझेदारी दैनिकलाई जानकारी दिए।

## कोल्हवी...

गणेश चौधरी, वडा नम्बर ९ का सदस्य भुपेन्द्र चौधरी, समाजसेवी महेन्द्र देवकोटा, वडा नम्बर ४ का पूर्व अध्यक्ष भेष बहादुर ढकाल लगायतको उपस्थिति रहेको थियो। सडक कालोपत्र भएपछि सो क्षेत्र धुलोरहित हुने भन्दै स्थानीयबासीहरूले गुणस्तरीय निर्माण कार्य गर्न सम्बन्धित ठेकेदारसँग जोडदार माग गरेका छन्।

यसैबीच, कोल्हवी नगरपालिका वडा नम्बर ६ स्थित श्री ने.रा.आ.वि. अधनावा मा चार कोठे विद्यालय भवनको शिलान्यास पनि सोमबार नगर प्रमुख रामप्रसाद चौधरीले गर्नुभएको छ। ६१ लाख रुपैयाँ लागतमा निर्माण हुने उक्त भवन सम्पन्न भएपछि विद्यालयमा कक्षा कोठाको अभाव नहुने विद्यालयका प्रधानाध्यापक गुरु चौधरीले जानकारी दिनुभएको छ।

## प्रदेश...

कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अघि बढाउन कर्मचारीहरूलाई आग्रह गर्नुभयो। उहाले मातहतका प्रहरी अधिकारी, जवानहरुलाई संगठनले अंगीकार गरेका मूल्य-मान्यता सदैव पालना गरेर काम गर्न निर्देशन दिनुभएको दिनुभयो ।

## जीतपुरसिमरामा...

सेवाग्राहीलाई व्यवसाय दर्ता प्रमाणपत्र तथा व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) वितरण गर्दै सेवा सञ्चालनमा ल्याइएको थियो । सेवा सुरु भएको पहिलो दिन कर सेवा लिने करदातालाई सम्मानसमेत गरिएको छ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख दिनेश पाण्डेले देशभरका उपमहानगरपालिकामध्ये पहिलो पटक जीतपुरसिमराबाट करदाता सेवा सुरु भएको जानकारी दिए। मन्त्रिपरिषद्को कार्तिक १७ गतेको निर्णयअनुसार स्थानीय तहबाटै कर सेवा विस्तार गर्ने नीति कार्यान्वयनमा आएको उनले बताए।

अ ब उपमहानगरपालिकाबाटै प्यान दर्ता, व्यवसाय दर्ता तथा करचुक्ता सेवा उपलब्ध हुने भएपछि करदाताले सदरमुकाम धाउनुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ। यसले समय र खर्च बचत हुनुका साथै कर प्रणालीप्रति नागरिकको पहुँच र विश्वास बढ्ने विश्वास लिइएको छ।

नगरप्रमुख पौडेलले करदाता सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी आवश्यक कर्मचारी खटाउन सुझाव दिए। कार्यक्रममा उपप्रमुख भोला प्रसाद अधिकारी, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

# अन्तर्राष्ट्रिय समाचार

## चुनावी जितलाई रूढीवादी एजेन्डामा रूपान्तरण गर्दै ताकाइची

*टोकियो, २६ माघ*

जापानी प्रधानमन्त्री साने ताकाइचीले आफ्नो व्यक्तिगत लोकप्रियताबाट प्राप्त चुनावी लाभलाई सुरक्षा, अर्थतन्त्र, आप्रवासन र सामाजिक नीतिमा व्यापक रूढीवादी परिवर्तनमा रूपान्तरण गर्ने प्रक्रिया अघि बढाउनुभएको छ । संसदीय चुनावमा दुई तिहाइ बहुमत प्राप्त भएपछि उहाँले उक्त शक्तिलाई ठोस कानूनी र नीतिगत कदममा अनुवाद गर्ने तयारी सुरु गर्नुभएको हो ।

सोमबार उहाँले मन्त्रिपरिषद् पुनः गठन गर्ने र ढिलाइ भएको बजेटलाई अघि बढाउने प्रक्रिया सुरु गर्नुभयो । यसबाट आगामी हप्ता हुने मतदानमार्फत उहाँ प्रधानमन्त्रीका रूपमा पुनः चयन हुने अपेक्षा गरिएको छ। एनएचकेसँगको अन्तर्वार्तामा उहाँले आफ्नो प्रयासले जापानलाई अझ बलियो र समृद्ध बनाउने विश्वास व्यक्त गर्नुभयो।

मत गणनाको नतिजाअनुसार ताकाइची नेतृत्वको लिबरल डेमोक्रेटिक पार्टीले ३१६ सिट जित्दै ४६५ सदस्यीय तल्लो सदनमा सहज बहुमत हासिल गरेको छ । यो सन् १९५५ मा पार्टी स्थापना भएयताकै उच्च हो। जापान इनोभेसन पार्टीसँगको गठबन्धनसहित सत्तारूढ पक्षको कुल सिट सङ्ख्या ३५२ पुगेको छ। एलडिपी मुख्यालयमा उहाँले विजयी उम्मेदवारका नाममाथि रातो रिबन टाँस्दै खुशी व्यक्त गर्नुभयो।

यद्यपि माथिल्लो सदनमा पूर्ण बहुमत नभए पनि तल्लो सदनको बलियो समर्थनले ताकाइचीलाई अर्थतन्त्र र सैन्य क्षमताको विस्तारसम्बन्धी एजेन्डा अघि बढाउन सहज बनाएको छ ।

चीनसँग बढ्दो तनाव र अमेरिकासँग सम्बन्ध सुदृढ गर्ने प्रयासबीच उहाँले विपक्षीसँग संवाद गर्दै नीतिगत लक्ष्य अघि बढाउने बताउनुभएको छ। "म लचिलो हुनेछु", उहाँले भन्नुभयो। ताकाइची लोकप्रिय भए पनि एलडिपी हालैका वर्षहरूमा कोष र धार्मिक घोटालाबाट प्रभावित भएको थियो। यही पृष्ठभूमिमा उहाँले पद सम्हालेको तीन महिनामै प्रारम्भिक चुनावको आह्वान गर्नुभएको थियो । अक्टोबरमा जापानकी पहिलो महिला नेताका रूपमा पदभार सम्हाल्नुभएकी उहाँले 'काम गर्ने, काम गर्ने, काम गर्ने' नारासहित सक्रिय शैली अपनाउनुभएको छ, जसले युवा मतदातामा प्रभाव पारेको देखिन्छ।

विपक्षी दलहरू विभाजित रहेकाले बलियो चुनौती दिन सकेनन् । पूर्व गठबन्धन साझेदार कोमेइटो र कन्स्टिच्युसनल डेमोक्रेटिक पार्टीको नयाँ गठबन्धनले ठूलो सिट गुमाउने अनुमान गरिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत ताकाइचीलाई 'ऐतिहासिक जित' का लागि बधाई दिनुभएको छ। रासस

## लिबियामा १४० जना अवैध आप्रवासीलाई निर्वासन

*त्रिपोली, २६ माघ*

लिबियाबाट १४० जना अवैध आप्रवासीहरूलाई उनीहरूको मूल देशमा निर्वासन गर्ने घोषणा गरिएको लिबियमाका अधिकारीहरूले बताएका मछन् ।

निर्वासित व्यक्तिहरूमा सुरक्षा प्रतिबन्धहरु आकर्षित हुने विभिद व्यक्तिहरूका साथै संक्रामक रोगहरू भएको पुष्टि भएकाहरु समेत समावेश रहेको लिबियाको एन्टी(अवैध अध्यागमन एजेन्सीले रिपोर्ट गरेको छ। एजेन्सिले सम्बन्धित अधिकारीहरूसँग समन्वय गरेर सबै कानुनी प्रक्रियाहरू र स्वीकृत मेडिकल परीक्षाहरू पूरा गरे पछि निर्वासन प्रक्रिया सम्पन्न भएको पुष्टि गरेको छ ।

अवैध आप्रवासन रोकी सुरक्षा मापदण्डलाई सम्बोधन गर्ने र जनस्वास्थ्यको रक्षा गर्ने उद्देश्यले सार्वजनिक सुरक्षा बढाउन यो कदम चालिएको एजेन्सीले उल्लेख गरेको छ । जनवरीमा, लिबियाको एन्टि(अवैध अध्यागमन एजेन्सीले आप्रवासन प्रवाह व्यवस्थापन गर्न लिबियाली अधिकारीहरूले लागू गरेको सुरक्षा र नियामक उपायहरू मार्फत स्वैच्छिक फिर्ती कार्यक्रम अन्तर्गत २०२५ मा ३७ हजार भन्दा बढी अवैध आप्रवासीहरू आफ्नो देशमा फर्केको खुलासा गरेको थियो । रासस

# महामहोत्सवमा आयोजित खुल्ला रक्तदानमा ६५ जनाद्वारा रक्तदान

*साझेदारी संवाददाता*
*निजगढ, २६ माघ*




बाराको निजगढ नगर पालिका वडा नम्बर ६ सडक टोलस्थित श्रीकृष्ण प्रणामी मन्दिर, प्रणामी नगर मा सञ्चालन गरिएको खुल्ला रक्तदान कार्यक्रममा ६५ जनाले रक्तदान गरेका छन्।

श्रीकृष्ण प्रणामी धर्म महामहोत्सवको अवसरमा रक्त सञ्चार केन्द्र हेटौडाको प्राविधिक सहयोगमा सोमबार आयोजना गरिएको रक्तदान शिविरमा स्थानीयवासीसहित विभिन्न क्षेत्रबाट आएका भक्तजनहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए।

रक्तदान कार्यक्रमको शुभारम्भ निजगढ नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष सूर्यबहादुर थापाले स्वयं रक्तदान गरेर गर्नुभएको थियो। शिविरमा विभिन्न सामाजिक व्यक्तित्व, युवा तथा स्वयंसेवकहरूको उल्लेख्य उपस्थिति रहेको आयोजकले जनाएको छ।

माघ २१ गतेदेखि सञ्चालनमा रहेको श्रीकृष्ण प्रणामी धर्म महामहोत्सवको अवसरमा रक्तदान, निशुल्क आँखा शिविर, दन्त शिविर ,स्वास्थ्य परिक्षण जस्तै समाजोपयोगी गतिविधिहरू समेत निरन्तर रूपमा सञ्चालन भइरहेका छन्।

'स्थानीय स्रोतको सदुपयोग, दिगो विकासको आधार'
प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनी बाराद्वारा जनहितमा जारी सन्देश

'शिक्षा, स्वास्थ्य र रोजगारी–नगर विकासका आधार'
कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी बाराद्वारा जनहितमा जारी सन्देश

एक–अर्काको धर्म–संस्कृति, रितिरिवाज,रहनसहन र चाडपर्वको सम्मान गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय,खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

# चितवन फेन्सी संघको जीतपुरमा अध्ययन तथा अवलोकन

रञ्जन यादव
कलैया, २६ माघ

अध्ययन तथा अवलोकन भ्रमणका लागि जीतपुर आइपुगेको चितवन फेन्सी व्यवसायी संघको टोलीलाई सोमबार स्वागत तथा सम्मान गरिएको छ।



टोलीलाई स्वागत पछि लिईएको तस्वीर। फोटोः साझेदारी

संघका महासचिव गिरीले आफ्नो कार्यालयमा चितवन फेन्सी संघका अध्यक्ष रामप्रसाद पौडेलको नेतृत्वमा आएको टोलीलाई औपचारिक रूपमा स्वागत गर्दै जीतपुरसिमरा उपमहानगर क्षेत्रमा फेन्सी व्यवसायको वर्तमान अवस्था, सम्भावना र चुनौतीबारे जानकारी गराए।

भेटघाटका क्रममा दुबै संघका प्रतिनिधिबीच फेन्सी व्यवसाय सञ्चालनका अनुभव, सिकाइ, भोगाइ तथा पछिल्लो समय बजारमा देखिएका उतार-चढावका विषयमा गहन छलफल तथा अनुभव आदान-प्रदान भएको थियो।

सो अवसरमा महासचिव गिरीले जीतपुरसिमरामा सञ्चालनमा रहेका फेन्सी व्यवसायहरूको अवस्था प्रत्यक्ष अवलोकन गराउँदै व्यवसाय प्रवर्द्धनका लागि स्थानीय तह, व्यवसायी र संघ-संस्थाबीच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे।

चितवन फेन्सी संघका अध्यक्ष पौडेलले जीतपुरसिमराको बजार संरचना, व्यवसायिक अभ्यास तथा नगर उद्योग वाणिज्य संघको भूमिकाप्रति प्रशंसा व्यक्त गर्दै यस्ता अध्ययन भ्रमणले दुबै पक्षलाई नयाँ सिकाइ र आपसी सहकार्यलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।

भ्रमण टोलीले आगामी दिनमा यस्ता अन्तर-जिल्ला व्यवसायिक भ्रमण तथा अनुभव आदान-प्रदानलाई निरन्तरता दिने प्रतिबद्धता समेत जनाएको छ।




# जीतपुरसिमरामा करदाता सेवा औपचारिक रूपमा सुरु

रञ्जन यादव
जीतपुर, २६ माघ

बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकाबाट करदाता सेवा औपचारिक रूपमा सुरु भएको छ।

उपमहानगरपालिका र आन्तरिक राजस्व कार्यालय सिमराको संयुक्त आयोजनामा सोमबार आयोजित कार्यक्रममा नगरप्रमुख राजन पौडेलले सेवाको उद्घाटन गरेका हुन्।



सेवा शुभारम्भ कार्यक्रमा बोल्दै नगरप्रमुख पौडेल। फोटोः साझेदारी

उद्घाटन कार्यक्रममा

बाँकी तेस्रो पृष्ठमा


## Devtal Rural Municipality
### Office of Rural Municipal Executive
Pipradhi Goth, Bara
Madhesh Pradesh (NEPAL)

## Invitation for Bids

**First Date of Publication: 2082/10/27**

1. The Government of Madhesh province has allocated funds towards the cost of Project Mention below and intends to apply part of the funds to cover eligible payments under the contract Bidding is open to all eligible Nepalese.
2. Devtal Rural Municipality, Bara invites sealed bids from eligible bidders for the Procurement of as mentioned below under **Sealed quotation procedures.**

| Contract ID No. | Project Name | Estimated amout(Including Vat) | Bid Security | Bid documents Cost |
|---|---|---|---|---|
| DRM/NCB/SQ/ 09/082/083 | Supply of medical and surgical items | 30,00,000.00 | 75,000.00 | 1,000 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Devtal Rural Municipality, Pipradhi Goth, Bara Office.
4. A complete set of Bidding Documents may be purchased from the Devtal Rural Municipality, Pipradhi Goth, Bara Office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till **2082/11/12.**Bidder who chooses to submit their bid may purchase the hard copy of the bidding documents From Devtal Rural Municipality, Pipradhi Goth, Bara Office.

**Information to Deposit Bid documents Cost in Bank:**
Name of the Bank: - Siddharth Bank Ltd. Devtal Branch.
Office Account no.: GA.1.1.Rajasaw. 00215740156
**Information to deposit Bid Security in Bank:**
Name of the Bank: - Siddharth Bank Ltd. Devtal Branch.
Office Account no.: Ga.3. Dharauti. 00215369660

5. Sealed bids must be submitted to the Office of Devtal Rural Municipality, Pipradhi Goth, Bara by hand/courier on or before 12:00 Hrs on **2082/11/13**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on **2082/11/13**.at the Office of Devtal Rural Municipality, Pipradhi Goth, Bara Office. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

*Chief Administrative Officer.*


'कृषि, शिक्षा र स्वास्थ्यमा फेटाको विकास'
फेटा गाउँपालिकाको कार्यालय, फेटा बाराद्धारा जनहितमा जारी सन्देश

'कृषिमा आधुनिकीकरण,परवानीपुरको पहिचान'
परवानीपुर गाउँपालिकाको कार्यालय, परवानीपुर बाराद्धारा जनहितमा जारी सन्देश

जन्म दर्ता,मृत्यु दर्ता,बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं
देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश